# स्थनीय राजपत्र

**पालुङटार नगरपालिकाद्धारा प्रकाशित**

**खण्ड ०९) पालुङटार, असार १५ गते, २०८२ साल (संख्या १**

पालुङटार नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग १

## पालुङटार नगरपालिकामा नगर प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२

नगर सभाबाट पारित मिति : २०८२।०३।१३

**प्रस्तावनाः** नगरपालिकाको ऐन, कानुन तथा प्रशासनिक आदेशहरूको कार्यान्वयनमा सहयोग र सहजीकरणका लागि नगर प्रहरी सेवा गठन गरी नगरपालिका क्षेत्रभित्र न्याय, सुरक्षा व्यवस्था गर्न बाञ्छनीय भएकोले संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "पालुङटार नगर प्रहरी ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन संवत २०८२ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "अधिकृत" भन्नाले पालुङटार नगरपालिकामा कार्यरत अधिकृत कर्मचारी सम्झनु पर्दछ ।

(ख) “उपप्रमुख” भन्नाले पालुङटार नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

(ग) “तोकिएको“ वा “तोकिए बमोजिम” भन्नाले यस ऐन कार्यान्वयन गर्न यसै ऐन अन्तर्गत बनेका नियम, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(घ) “नगरपालिका” भन्नाले पालुङटार नगरपालिका सम्झनु पर्दछ ।

(ङ) “प्रमुख” भन्नाले पालुङटार नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले पालुङटार नगरपालिकाको प्रशासकीय प्रमुख सम्झनु पर्दछ ।

(छ) “प्रहरी कर्मचारी” भन्नाले यस ऐन बमोजिम गठन भएको नगर प्रहरी सेवामा रहेका प्रहरी अधिकृत र जवान सम्झनु पर्दछ ।

(ज) “सभा” भन्नाले नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

## परिच्छेद २
## नगर प्रहरी सेवा गठन र परिचालन

**३. नगर प्रहरी सेवाको गठन :** (१) नगरपालिकामा एक नगर प्रहरी सेवा रहनेछ ।

(२) नगर प्रहरी सेवाको पदमा नगर प्रहरी सहायक निरीक्षक, प्रहरी हवल्दार र प्रहरी जवान रहनेछन् ।

(३) नगर प्रहरीको पद र संख्या देहाय बमोजिम हुनेछ :-

(क) नगर प्रहरी सहायक निरीक्षक १ जना

(ख) नगर प्रहरी हवल्दार २ जना

(ग) नगर प्रहरी जवान ७ जना

(४) प्रहरी कर्मचारीको सेवा, सुविधा, पारिश्रमिक तथा अन्य शर्त करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारीको मासिक पारिश्रमिक नेपाल प्रहरी सेवाको सम्बन्धित तह वा पदको सुरु तलब स्केल भन्दा बढी हुने छैन ।

**४. नगर प्रहरीको सञ्चालन एवं परिचालन :** (१) प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको प्रत्यक्ष रेखदेख, निर्देशन र नियन्त्रण गर्नेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृतको आदेश र निर्देशनको पालना गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

**५. प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार :** (१) प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने,

(ख) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(ग) स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने,

(घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवथापन गर्ने,

(ङ) नगरको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने,

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्ने,

(छ) सार्वजनिक, ऐलानी र पर्तिजग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,

(ज) विपद व्यवस्थापन अन्तर्गत खोजी, उद्दार, राहत तथा पुनर्स्थापना सम्बन्धी कार्य गर्ने,

(झ) अनधिकृत विज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण गर्ने,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण गर्ने,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

(ठ) प्राकृतिक स्रोत तथा नदीजन्य पदार्थको चोरी निकासी रोकथाम तथा नियन्त्रण गर्ने,

(ड) नगरपालिकाको सुरक्षा व्यवस्था मिलाउने,

(ण) उपभोक्ता हक हित संरक्षण तथा बजार अनुगमन गर्ने,

(त) राजश्व परिचालन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(थ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अन्य कार्य गर्ने ।

(२) नगर प्रहरीको ड्युटीको खटन पटन तथा अन्य जिम्मेवारीको बाडँफाँड नगरपालिकाले गर्नेछ ।

(३) कार्यालयले तोकेको जुनसुकै समयमा पनि काम गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ ।

(४) नगर प्रहरी प्रमुखले नगर प्रहरीको हाजिरी, विदा तथा ड्युटी रोस्टरको अभिलेख अद्यावधिक गरी प्रशासन शाखामा पेश गर्नु पर्नेछ ।

(५) नगर प्रहरीबाट भए गरेको कार्य सम्पादनको प्रतिवेदन प्रशासन शाखा प्रमुख मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ ।

## परिच्छेद ३

## नगर प्रहरीको पदपूर्ति र सेवा सर्त सम्बन्धी व्यवस्था

६. **नगर प्रहरी कर्मचारीको पदपूर्तिः** (१) नगर प्रहरीको पदपूर्ति करार सेवामा खुल्ला प्रतियोगिताबाट गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका कर्मचारी करारमा पदपूर्ति गर्नको लागि नगरपालिकाले विज्ञापन प्रकाशित गर्नेछ ।

(३) यस दफा बमोजिम करार सेवामा नगर प्रहरी पदपूर्ति गर्दा ५५ प्रतिशत खुल्ला र ४५ प्रतिशत समावेशि सिद्धान्तको आधारमा गरिनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रहरी पद रित्त भएको अवस्थामा जुन समूहबाट रित्त भएको हो सोही समूहबाट पदपूर्ति गरिनेछ ।

७. **पदपूर्ति समितिः** (१) नगर प्रहरीहरु करार सेवामा पदपूर्ति गर्न देहाय बमोजिम पदपूर्ति समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - संयोजक

(ख) इलाका प्रहरी कार्यालयको प्रहरी निरीक्षक - सदस्य

(ग) प्रशासन शाखा प्रमुख - सदस्य (सचिव)

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यक ठानेमा छनौट प्रक्रियामा सम्बन्धित बिषय विज्ञलाई बैठकमा आमान्त्रण गर्न सक्नेछ ।

(३) बैठक सञ्चालन सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :** पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) खुला प्रतियोगिताको लागि पाठ्यक्रम निर्धारण गर्ने,

(ख) पदपूर्ति कार्यतालिका बनाउने,

(ग) परीक्षाको किसिम तोक्ने,

(घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,

(ङ) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

(च) करार सम्झौताको लागि सिफारिस गर्ने,

(छ) पदपूर्तिसँग सम्बन्धित अन्य कार्य गर्ने ।

**९. न्यूनतम योग्यता:** (१) नगर प्रहरी सेवाको विभिन्न पदमा उम्मेदवार हुन देहायको योग्यता पुगेको हुनु पर्नेछ :

**(क) नगर प्रहरी जवानको हकमा :**

- ✓ **ने**पाली नागरिक,
- ✓ १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको,
- ✓ कम्तिमा कक्षा ८ उत्तीर्ण गरेको,
- ✓ नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी सजाय पाएको भए ३ वर्ष नाघेको ।

**(ख) नगर प्रहरी हवल्दारको हकमा:**

- ✓ **ने**पाली नागरिक,
- ✓ २५ वर्ष पूरा भइ ४५ वर्ष ननाघेको,
- ✓ कम्तिमा एस.एल.सी वा एस.ई.ई उत्तीर्ण गरेको,
- ✓ नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी सजाय पाएको भए ३ वर्ष नाघेको ।

**(ग) नगर प्रहरी सहायक निरीक्षकको हकमा:**

- ✓ **ने**पाली नागरिक,
- ✓ ३५ वर्ष पूरा भइ ४५ वर्ष ननाघेको,
- ✓ कम्तिमा एस.एल.सी वा एस.ई.इ उत्तीर्ण गरेको,
- ✓ नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी सजाय पाएको भए ३ वर्ष नाघेको,
- ✓ नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बलको समान पद वा सो भन्दा माथिल्लो पदबाट अवकाश वा निवृत्त भएको ।

**१०. छनौट सम्वन्धी कार्यविधिः** (१) नगर प्रहरी कर्मचारीहरु करारमा पदपूर्ति गर्नको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी नगरपालिकाले सूचनापाटी, वेभसाईट तथा अन्य कुनै सार्वजनिक स्थलमा कम्तीमा १५(पन्ध्र) दिनको सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन हुने विज्ञापनमा दफा ९ बमोजिम योग्यता पुगेका व्यक्तिले दरखास्त दिन सक्नेछ ।

(३) प्रतिस्पर्धामा भाग लिन इच्छुक उम्मेदवारले तोकिए बमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित तोकिएको समय अवधि भित्र आवश्यक कागजातहरु सहित कार्यालयमा आवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्रकाशित विज्ञापन नगर प्रहरी कर्मचारी पदपूर्ति गर्नको लागि लिइने खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठयक्रम, परीक्षा प्रणाली तथा मूल्याङ्कन प्रणाली समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

तर नगर प्रहरीको प्रारम्भिक स्वास्थ्य परीक्षण र शारीरिक तन्दुरुस्ती परीक्षण नेपाल प्रहरीको पाठ्याक्रममा व्यवस्था भए बमोजिम हुनेछ ।

(५) उम्मेदवारहरुलाई अन्तरवार्तामा अङ्क प्रदान गर्दा न्युनतम ४०% र अधिकतम ७०% को सीमाभित्र रही प्रदान गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम नगर प्रहरी छनौट गर्दा योग्यता पुगेका स्थानीय बासिन्दालाई पहिलो प्राथमिकता दिइनेछ ।

**११. योग्यताक्रमको सूची प्रकाशन गर्ने :** (१) नगरपालिकाले दफा १० बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरुलाई दफा ७ बमोजिमको समितिको सिफारिसको आधारमा उम्मेदवारहरुको रोल नम्बर, नाम थर, ठेगाना, पद आदि समेत उल्लेख गरी सफल उम्मेदवारको योग्यताक्रमको सूची प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम योग्यताक्रमको सूची प्रकाशन गर्दा माग पद संख्या बराबर संख्यामा वैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्नु पर्नेछ ।

तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवारको वैकल्पिक सुचिकरण गर्न यस दफाले बाधा पुऱ्याउने छैन ।

**१२. करार गर्ने:** (१) दफा ११ बमोजिमका सफल उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई करार गर्न सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने सफल उम्मेदवारसँग नगरपालिकाले करार गर्नु पर्नेछ । उक्त अवधि भित्र करार गर्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सक्नेछ ।

(३) नगर प्रहरी कर्मचारीले करार अवधि बाँकी रहँदै स्वेच्छाले करार सम्झौता रद्द गर्न चाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(४) यस ऐन बमोजिम नगर प्रहरी कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनका लागि कुनै पनि दाबी गर्न पाउने छैन । यस सम्वन्धमा कही कतै उजुर लाग्ने छैन ।

**१३. तालिम:** (१) नगर प्रहरीका लागि करार सम्झौता गरिएका कर्मचारीहरुलाई ३ महिनाको आधारभूत तालिम प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको तालिम नेपाल प्रहरीको बहालवला वा अवकास प्राप्त प्रहरी निरीक्षक पद सरहको प्रहरी कर्मचारीको नेतृत्वमा रहने प्रशिक्षकबाट प्रशिक्षण गरिनेछ ।

(३) तालिम अवधि पूरा नगरेमा प्रमुख प्रशासकीय अधिकृतले निजको करार सम्झौता रद्द गर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि थोरै संख्यामा करार सम्झौता भई आउने नगर प्रहरी जवानहरुको हकमा ३ महिनाको आधारभूत तालिम नगर प्रहरी सहायक निरीक्षकले प्रदान गर्नेछ ।

## परिच्छेद ४

## आचरण सम्बन्धी व्यवस्था

**१४. आचारण:** नगर प्रहरीले देहाय बमोजिमको आचारण पालन गर्नु पर्नेछ :

(क) प्रचलित कानून तथा नगरपालिकाको नीति नियम, निर्णयको पालना गर्नु पर्नेछ ।

(ख) कामको सिलसिलामा सम्बन्धित माथिल्लो अधिकृतले दिएको आदेशको पालन गर्नु पर्नेछ ।

(ग) ठीक समयमा तथा नियमित रुपले कार्यालयमा हाजिर हुनु पर्नेछ र स्वीकृत गराएर मात्र बिदामा बस्नु पर्नेछ ।

(घ) कार्य सम्पादनको सिलसिलामा कुनै अनुचित प्रभावमा पर्न वा पार्न हुँदैन ।

(ङ) नगरपालिकाका कर्मचारी, सेवाग्राही तथा नगरबासीप्रति सम्मान र आदारभाब राख्नु पर्नेछ ।

(च) स्वच्छ चरित्र एवं आचारणयुक्त हुनु पर्नेछ ।

(छ) ड्युटीमा खटिएको समयमा धुम्रपान, मद्यपान एवं सुर्तीजन्य पदार्थ सेवन गर्नु हुँदैन ।

(ज) नगरपालिका वा कार्यालयको अहित हुने कुनै कार्य गर्नु गराउनु हुँदैन ।

(झ) राजनीति वा राजनैतिक गतिविधि, धर्ना, जुलुसमा सामेल हुनु हुँदैन ।

(ञ) करार सम्झौता भएको मितिले एक महिनाभित्र तोकिएको ढाँचामा नगरपालिका समक्ष सम्पत्ति विवरण पेश गर्नु पर्नेछ ।

(ट) कार्यालयको पूर्व स्वीकृति नलिई कुनै पनि व्यापार व्यवसाय गर्नु हुँदैन ।

(ठ) कार्यालयको पूर्व स्वीकृति नलिई आफनो कर्तव्य पालनको सिलसिलामा जानकारी हुन आएको कुनै पनि सूचना अधिकार प्राप्त व्यक्ति वा संस्था बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुँदैन ।

(ड) नगरपालिकाको अनुमति नलिई कुनै सञ्चार माध्यममा आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी लेख प्रसारण प्रकाशन गर्न गराउन हुँदैन ।

(ढ) नगरपालिकाको पूर्व स्वीकृत बिना स्वदेशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्तिबाट कुनै प्रकारको दान, बकस, पुरस्कार, कोसेली, उपहार वा चन्दा लिन/दिन हुँदैन ।

(ण) नगरपालिकाको नीति विपरीत नगरपालिकाको प्रतिष्ठामा आँच आउने गरी विचार व्यक्त गर्न वा संवाद, लेख रचना प्रकाशन गर्नु हुँदैन ।

(त) कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभाव पार्न हुँदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

(थ) कुनै राजनीतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक संस्थालाई चन्दा दिन वा कुनै राजनीतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न हुँदैन ।

(द) नगर प्रहरीको माथिल्लो दर्जाको अधिकारीको अधिनमा रही कार्य सम्पादन गर्नु पर्नेछ ।

(ध) प्रचलित कानूनको प्रतिकूल हुने गरी बालविवाह, बहुविवाह, अनमेल विवाह जस्ता विवाह गर्नु गराउनु हुँदैन ।

(न) नगर प्रहरीले यौनजन्य दुर्व्यवहार र घरेलु हिंसा गर्नु हुँदैन ।

(न) प्रहरी कर्मचारीले कार्यसम्पादन गर्दा लैङ्गिक सम्वेदनशीलतालाई ध्यान दिनु पर्नेछ ।

(प) आफूलाई तोकिएको जिम्मेवारी र कर्तव्य निष्पक्षता एवं निर्भीकतापूर्वक निर्वाह गर्नु पर्नेछ ।

## परिच्छेद ५
## कसुर तथा सजाय

**१५. सजायः** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

(क) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने,

(ख) नसिहत दिने,

(ग) तलब घटाउने,

(घ) भविष्यमा नगरपालिकाको सेवामा अयोग्य नठहरिने गरी करार सम्झौता रद्द गर्ने,

**१६. नसिहत दिनेः** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सकिनेछ ।

**१७. तलब घटाउने :** कुनै नगर प्रहरी कर्मचारीले देहायको अवस्थामा सजाय गर्ने अधिकारीले १० प्रतिशत सम्म तलब घटाउन सक्ने र नगरपालिकालाई हानि नोक्सानी पुऱ्याएमा सो समेत निजबाट भराउन सक्नेछ ।

(क) सन्तोषजनक काम नगरेमा,

(ख) अनुशासनहीन काम गरेमा,

(ग) आचारण सम्बन्धी नियम उल्लंघन गरेमा,

(घ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

(ङ) विदा पूर्व स्वीकृत नगराई बिदा बसेमा वा गैरहाजिर भएमा ।

**१८. करार सम्झौता रद्द गर्ने:** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीसँगको करार सम्झौता रद्द गर्न सक्नेछ :

(क) आफ्नो पदीय जिम्मेवारी र दायित्व पूरा गर्न नसकेमा,

(ख) राजनीतिमा भाग लिएमा,

(ग) तीन पटक अनुशासनहीन काम गरेमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार प्रमाणित भएमा,

(ङ) ड्यूटीमा रहेको वा नरहेको अवस्थामा वर्दी पोशाक लगाई मादक पदार्थ सेवन गरी हिँडेमा वा जथाभावी गरेमा,

(च) भ्रष्टचार गरेमा,

(छ) मनासिव कारण नभई लगातार ७ दिन गैरहाजिर भएमा ।

**१९. सजाय गर्ने अधिकार**: (१) प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकृतले आवश्यकता अनुसार सम्बन्धित प्रहरी कर्मचारीलाई समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम सजायको प्रक्रिया अवलम्बन गर्नु पूर्व कर्मचारीलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(४) सजाय दिने अधिकारीले प्रहरी जवान र हवल्दार पदमा कार्यरत कर्मचारीलाई सजाय दिँदा प्रस्तावित सजाय सम्बन्धमा नगर प्रहरी सहायक निरीक्षकको राय लिन सक्नेछ ।

## परिच्छेद ७
## विविध

२०. **विदा सम्बन्धी व्यवस्थाः** नगर प्रहरी कर्मचारीको विदा सम्बन्धी व्यवस्था प्रचलित कानुन अनुसार करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

२१. **पुरस्कार तथा प्रोत्साहनः** प्रहरी कर्मचारीले कर्तव्य पालनको सिलसिलामा उल्लेखनीय प्रशंसनीय कार्य गरेमा त्यस्तो प्रहरी कर्मचारीलाई पुरस्कार तथा प्रोत्साहन स्वरूप रकम वा अन्य सुविधा नगरपालिकाबाट उपलब्ध गराउन सकिनेछ ।

२२. **पोशाक, चिन्ह आदिः** नगर प्रहरीको दर्ज्यानी चिन्ह, ब्याज, पोशाक, किसिम, सोको रंग अनुसूची १ बमोजिम हुनेछ । निजले प्रयोग गर्ने सुरक्षा तथा सञ्चारका साधन कार्यालयले निर्णय गरे बमोजिम हुनेछ ।

२३. **कार्यालय तथा आवासः** नगर प्रहरीको कार्यालय नगरपालिका हाताभित्र रहनेछ । नगर प्रहरीलाई बस्ने आवास र आवश्यक रासनको व्यवस्था कार्यालयले मिलाउनेछ ।

२४. **यसै ऐन बमोजिम हुने :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम हुनेछ ।

२५. **नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।

२६. **संशोधन र खारेजीः** यो ऐनको संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर सभामा निहित रहने छ ।

## अनुसूची १

### (दफा २२ सँग सम्बन्धित)

### नगर प्रहरीको लोगो, चिन्ह र पोशाक

१. **लोगो :** सेतो भुईमा रातो रंगको अक्षरले अर्धवृत्तकार रूपमा पालुङटार नगरपालिका लेखी तल्लो भागमा नगर प्रहरी लेख्ने र गोलो भागमा कालो रंगको खुकुरी राखी रातोमा क्रस खुकुरीको माथि चन्द्र र तल्लो भागमा सूर्य अंकित लोगो हुनेछ ।

२. **पद अनुसारको दर्ज्यानी चिन्ह :**

| | |
|---|---|
| (क) नगर प्रहरी सहायक निरीक्षक | - कुममा एक तारा पहेलो रंगको |
| (ख) नगर प्रहरी हवल्दार | - कुममा तिन धर्का पहेलो रंगको |
| (ग) नगर प्रहरी जवान | - कुममा फिता मात्र पहेलो रंगको |

३. **पोशाक :** गाडा हरियो रंगको र्सट, प्यान्ट, क्याप टोपी र कालो रंगको गम जुत्ता ।

आज्ञाले,
कमानसिंह थापामगर
प्रमुख प्रशासकीय अधिकृत